# स्थानीय राजपत्र

गैडहवा गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ७ गैडहवा, असोज २१ गते,२०८१ साल संख्याः४

भाग-

गैडहवा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही

संवत् २०८१ सालको कार्यविधि नं. ४

## कार्यविधिको नामः होमस्टे संचालन सम्बन्धी कार्यविधि, २०८१

प्रस्तावनाः ग्रामीण क्षेत्रका स्थानीय जनसमुदायमा स्वरोजगारका अवसर सिर्जना हुने तथा आम्दानी वृद्धिको माध्यमवाट जिवनस्तरमा सुधार ल्याउने प्रकृतिका ग्रामिण पर्यटन पूर्वाधारको दिगो विकास गर्ने, ग्रामीण पर्यटनको माध्यमवाट विपन्न, महिला, मधेशी, आदिवासी जनजाती र हालसम्म समेट्न नसकिएका समूहको समेत संलग्नता रहने गरी पर्यटन व्यवसायवाट प्राप्त हुने लाभलाई समुदायको पहुँचभित्र ल्याउने, संरचनाको निर्माण र विकास गर्ने पर्यटन नीति २०६५ अनुसार नेपालका ग्रामिण भेगमा तथा शहरी क्षेत्रमा समेत होमस्टेको माध्यमवाट पर्यटनको विकास, प्रर्वद्धन, व्यवस्थापन र नियमन गर्न होमस्टे कार्यविधि जारी गर्न आवश्यक भएकोले गैडहवा गाउँपालिकाले देहाय वमोजिमको होमस्टे संचालन कार्यविधि, २०८१ वनाई जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम "गैडहवा गाउँपालिकाको होमस्टे संचालन कार्यविधि २०८१" रहेको छ।

(२) यो कार्यविधि गैडहवागाउँ कार्यपालिकाले स्वीकृत गरी प्रमाणीकरण भएको मितिवाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "होमस्टे"भन्नाले पर्यटकलाई आवास, खाना र अन्य सेवा प्रदान गर्ने उद्देश्यले आफ्नै घर समुदायमा निजी वा सामूहिक रुपमा सन्यालन गरिएको सेवा सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले गैडहवा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ग) "स्थानीय तह" भन्नाले गैडहवा गाउँपालिका सम्झनु पर्छ।



सुरेन्द्र पौड्याल
अध्यक्ष

(घ) "होमस्टे व्यवस्थापन समिति" भन्नाले दफा ७ को उपदफा (१) बमोजिम गठन भएको समिति सम्झनु पर्छ।

(ङ) "होमस्टे इकाई" भन्नाले होमस्टे संचालन गर्ने व्यवस्थापन समिति अन्र्तगत रहेका प्रत्येक घर सम्झनु पर्छ।

३. उद्देश्यः

होमस्टे संचालनको मुख्य उद्देश्य देहाय बमोजिमका हुनेछन्:-

(क) होमस्टे संचालन गरी पर्यटन क्षेत्रको प्रतिफल ग्रामीण समुदायमा पुऱ्याउने,

(ख) होमस्टे संचालन गरी ग्रामिण क्षेत्रका जनतालाई पर्यटन सेवामा सहभागि गराउने,

(ग) होमस्टे संचालन गरी ग्रामीण समुदायको आयश्रोत वृद्धि गरी जीवनस्तर वृद्धि गर्ने,

(घ) होमस्टे संचालन गरी ग्रामिण तथा स्थानीय स्तरमा स्वरोजगार विकासको माध्यमको रुपमा उपयोग गर्ने,

(ङ) होमस्टे संचालन गरी पर्यटकलाई ग्रामीण जनजीवन साथै संस्कृतिका बारेमा ज्ञानकारी दिने,

(च) होमस्टे आवास सुविधा मात्र नभई पर्यटकलाई रितिरिवाज, कला संस्कृति र रहनसहनको उत्कृष्ट अनुभव हाँसिल गर्ने मौका प्रदान गर्ने,

(छ) शहरी इलाकामा पर्यटकलाई सरल र सहज वातावरणमा वसोवासको व्यवस्था गर्ने।

४. होमस्टेको वर्गिकरणः

अनुसूचि-१ मा उल्लिखित मापदण्ड पूरा गरी अलग/अलग स्वामित्व भएका कम्तीमा पाँचवटा घरधनीले सामुहिक



सुरेन्द्र पौड्याल
अध्यक्ष

व्यवस्थापन गरी संचालन गरेको होमस्टेलाई सामुदायिक ग्रामीण होमस्टे र ग्रामिण तथा शहरी क्षेत्रमा निजी स्तरमा बढीमा ५ कोठामा सञ्चालित होमस्टेलाई निजी होमस्टेको रुपमा वर्गीकरण गरिएको छ। होमस्टे दर्ता, नविकरण र प्रमाणपत्रको लागि अनुसूची-२ बमोजिमको शुल्क लाग्नेछ ।

५. **पर्यटकीय क्रियाकलापः**

(१) होमस्टेले स्थानीय क्षेत्रमा सन्चालन हुने सांस्कृतिक कार्यक्रम र क्रियाकलाप, परम्परागत खेलमा सहभागी गराउने, उपलब्ध हुने क्षेत्रमा जंगल ट्रेक, इको ट्रेक, साहसिक खेल, वोटिङ्ग, फिसिङ्ग तथा दृश्यावलोकनको कार्यक्रमको व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक होमस्टेले देहाय बमोजिमको कार्यक्रमको आयोजना गर्नु पर्नेछः-

(क) स्थानीय सास्कृतिक नाचगान तथा फुलमालाका साथ पर्यटकको स्वागत गर्ने,

(ख) पर्यटकहरुलाई सामुदायिक भवन वा खुला ठाउँमा मौलिक परम्परा वा संस्कृतिमा आधारित सांस्कृतिक कार्यक्रमहरुको प्रस्तुती, मेला, जात्रा जस्ता गतिविधीहरु आयोजना गरी सहभागी गराउने,

(ग) सांस्कृतिक सम्पदा, संग्राहलय, घरेलु तथा हस्तकला सामाग्री उत्पादन केन्द्र स्थल, दृश्यावलोकन, जंगल, वन्यजन्तु तथा चरा अवलोकन गर्ने व्यवस्था गर्ने,



सुरेन्द्र पौडेल
अध्यक्ष

(घ) स्थानीय कृषि, घरेलु तथा हस्तकला प्रविधिमा सहभागी गराई पर्यटक तथा स्थानीय जनता बीच जीवनशैली, कला संस्कृति आदि विषयमा अनुभव तथा ज्ञानको आदान प्रदान गराउने,

(ङ) पर्यटकको विदाई गर्दा स्थानीय संस्कृति झल्कने मायाको चिनो सहित फुलमाला पहिराउने।

६. दर्ताका मागि निवेदन दिनेः

(१) होमस्टे संचालन गर्न चाहनेले देहाय बमोजिमका कागजात सहित निवेदन दस्तुर बुझाई अनुसूचि-३ बमोजिमको ढाँचामा कार्यालयमा निवेदन दिनु पर्नेछ-

(क) सामुदायिक होमस्टेको हकमा कम्तीमा पाँचजना घरधनीले आ-आफ्नो घरमा सामूहिक रुपमा होमस्टे सञ्चालन गर्न सहमत भएको लिखित प्रतिवद्धता तथा सम्बन्धित वडा कार्यालयको सिफारिस रनिजी होमस्टका लागि सम्बन्धित वडाकार्यालयको सिफारिस,

(ख) जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपी र नक्सा पास भएको प्रमाण वा वडा कार्यालयबाट वसोवास प्रमाणित गरिएको पत्र ।

(ग) होमस्टे संचालकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

(२) उपदफा (१) बमोजिमको निवेदन परेमा कार्यालयले गाउँ उपध्यक्षको संयोजकको संयोजकत्वमा प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित शाखा प्रमुख, सम्बन्धित वडाको वडा अध्यक्ष, स्वास्थ्य शाखा प्रमुख समेतको



सुरेन्द्र पौड्याल
अध्यक्ष

समितिले निरीक्षण गरी अनुसूची-१ बमोजिमको मापदण्ड पूरा भए/नभएको निरीक्षण गरी कार्यालयमा प्रतिवेदन दिनु पर्नेछ। समितिले आवश्यकता अनुसार अन्य विषय विज्ञ तथा कर्मचारीलाई निरीक्षणको लागि आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको निरीक्षणबाट अनुसूची-१ बमोजिमको मापदण्ड पूरा भएको प्रतिवेदन प्राप्त भएमा कार्यालयले प्रत्येक होमस्टेलाई एकाइको रुपमा दर्ता गरी अनुसुची-४ बमोजिमको ढाँचामा होमस्टे दर्ता प्रमाणपत्र दिनेछ ।

(४) मापदण्ड पूरा नगरेकाको हकमा आवश्यक सुधार गर्न समय दिइनेछ र पुनः स्थलगत निरीक्षण गरिनेछ ।

७. होमस्टे व्यवस्थापन तथा संचालनः

(१) सामुदायिक होमस्टे सञ्चालन गर्न चाहने संचालकहरुले साधारण भेला गरी देहाय बमोजिमको होमस्टे सञ्चालन तथा व्यवस्थापन समिति गठन गर्नुपर्नेछ र उक्त समितिको मुख्य पदमा कम्तिमा १(एक) जना महिला अनिवार्य हुनुपर्नेछ ।

(क) समुदायका सदस्यहरुबाट एक जना - अध्यक्ष
(ख) समुदायका सदस्यहरुबाट एक जना - उपाध्यक्ष
(ग)समुदायका सदस्यहरुबाट एक जना - कोषाध्यक्ष
(घ)समुदायका सदस्यहरुबाट महिला -सदस्य सदस्य
(ङ)समुदायका सदस्यहरुबाट १ जना -सदस्य सदस्य-सचिव



नरेन्द्र पौड्याल
अध्यक्ष

CamScanner

समितिले निरीक्षण गरी अनुसूची-१ बमोजिमको मापदण्ड पूरा भए/नभएको निरीक्षण गरी कार्यालयमा प्रतिवेदन दिनु पर्नेछ। समितिले आवश्यकता अनुसार अन्य विषय विज्ञ तथा कर्मचारीलाई निरीक्षणको लागि आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको निरीक्षणबाट अनुसूची-१ बमोजिमको मापदण्ड पूरा भएको प्रतिवेदन प्राप्त भएमा कार्यालयले प्रत्येक होमस्टेलाई एकाइको रुपमा दर्ता गरी अनुसुची-४ बमोजिमको ढाँचामा होमस्टे दर्ता प्रमाणपत्र दिनेछ ।

(४) मापदण्ड पूरा नगरेकाको हकमा आवश्यक सुधार गर्न समय दिइनेछ र पुनः स्थलगत निरीक्षण गरिनेछ ।

७. होमस्टे व्यवस्थापन तथा संचालनः

(१) सामुदायिक होमस्टे सञ्चालन गर्न चाहने संचालकहरुले साधारण भेला गरी देहाय बमोजिमको होमस्टे सञ्चालन तया व्यवस्थापन समिति गठन गर्नुपर्नेछ र उक्त समितिको मुख्य पदमा कम्तिमा १(एक) जना महिला अनिवार्य हुनुपर्नेछ ।

(क) समुदायका सदस्यहरुबाट एक जना - अध्यक्ष

(ख) समुदायका सदस्यहरुबाट एक जना - उपाध्यक्ष

(ग)समुदायका सदस्यहरुबाट एक जना - कोषाध्यक्ष

(घ)समुदायका सदस्यहरुबाट महिला -सदस्य सदस्य

(ङ)समुदायका सदस्यहरुबाट १ जना -सदस्य सदस्य-सचिव



सुरेन्द्र पौड्याल
अध्यक्ष

(२) होमस्टेमा सहभागी हुने घर संख्याको आधारमा समावेशी हुने गरी समुदायले थप ६ जनासम्म सदस्यको चयन गर्न सक्नेछ ।

(३) होमस्टे व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) पर्यटकीय क्रियाकलापहरु र पर्यटकहरुले पालना गर्नुपर्ने आचारसंहिताको बारेमा जानकारी गराउने,

(ख) आगन्तुक/पर्यटकहरुको स्वागत तथा पाहुनाको आवास व्यवस्था मिलाउने,

(ग) पर्यटकको दर्ता व्यवस्था गर्ने,

(घ) आयव्ययको श्रेस्ता व्यवस्थित र दुरुस्त राख्ने,

(ङ) प्रत्येक होमस्टेको नियमित अनुगमन गर्ने,

(च) स्थानीय भ्रमण प्याकेजहरुको निर्माण र प्रचार प्रसार गर्ने,

(छ) स्थानीय वातावरण; परम्परा, शैली तथा संस्कृतिको संरक्षण गर्ने,

(ज) सांस्कृतिक कार्यक्रमहरुको प्रदर्शन/व्यवस्थापन गर्ने,

(क) पर्यटकहरुलाई जङ्गली जनावरहरुको बारेमा जानकारी गराउने,

(ज) पर्यटकहरुको स्वास्थ्योपचार र अन्य आकस्मिक सेवाहरुको व्यवस्थापन र समन्वय गर्ने,

(ट) होमस्टेको साइनेज तथा लोकेसन म्याप तयार गर्ने,



सुरेन्द्र पौडयाल
अध्यक्ष

(ठ) पर्यटक आवास गृहमा उपलब्ध हुने सुविधा तथा मेनु/मुल्य निर्धारणमा एकरुपता कायम गर्ने,

(ड) प्रत्येक आर्थिक वर्ष समाप्त भएको पैतीस दिन भित्र पर्यटक संख्या, प्रमुख क्रियाकलाप तथा आय व्यय देखिने वार्षिक प्रतिवेदन कार्यलयमा पठाउने,

(ङ) होमस्टेको विकास, प्रवर्द्धन तथा व्यवस्थापनका लागि अन्य आवश्यक कार्यहरु गर्ने,

(ण) गाउँस्थित होमस्टे समन्वय समिति र केन्द्रमा रहेको पर्यटन मन्त्रालयसंग नियमित सम्पर्क र सम्वार गर्ने,

(त) अनुसूची-४ बमोजिमको सूचना पर्यटकहरुले देख्ने स्थानमा राखु पर्ने,

(थ) होमस्टे विकास प्रवर्द्धन तथा व्यवस्थापनका लागि अन्य आवश्यक कार्यहरु गर्ने,

८. **गाउँ होमस्टे समन्वय समिति**

(१) गाउँपालिकामा आर्थिक विकास समितिको संयोजकको संयोजकत्वमा पूर्वाधार विकास, स्वास्थ्य, शिक्षा शाखाको प्रमुख, विद्युत, खानेपानी, सञ्चार र सुरक्षा कार्यालयंको प्रतिनिधि सदस्य रहने गरी गाउँ होमस्टे समन्वय समिति गठन गर्न सकिनेछ ।

(२) गाउँ होमस्टे समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ-



सुरेन्द्र पोख्रेल
अध्यक्ष

CamScanner

(क) गाउँ स्थित होमस्टे व्यवस्थापन समितिहरु वीच समन्वय र सहजीकरण गर्ने,

(ख) पूर्वाधार विकास र क्षमता अभिवृद्धि सम्वन्धी कार्य गर्ने,

(ग) पर्यटकलाई स्वास्थ्य सम्वन्धी जनचेतना जगाउने,

(घ) आकस्मिक स्वास्थ्य सम्वन्धी सहयोग र समन्वय गर्ने,

(ङ) सम्भाव्य पर्यटकीय सम्पदाहरुको विवरण तयार गर्ने,

(च) वाटो, खेल मैलान, पदयात्रामार्ग, भ्यूटावर, खानेपानी, स्वास्थ्य चौकी जस्ता साना पूर्वाधारहरु वनाउने ।

९. अनुगमन तथा निरिक्षण सम्बन्धी व्यवस्थाः

(१) कार्यालयले आवश्यकतानुसार समय समयमा होमस्टे व्यवस्थापन समितिका कार्यहरु तथा प्रत्येक होमस्टेको इकाईको अनुगमन तथा निरिक्षण गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिमको निरिक्षणका क्रममा तोकिएको मापदण्ड पूरा नगर्ने होमस्टेलाई मनासिव माफिकको म्याद दिई मापदण्ड पूरा गर्न लगाउनु पर्नेछ ।

(३) उपदफा (२) वमोजिमको म्यादभित्र पनि मापदण्ड कायम गर्न नसकेका होमस्टेलाई कार्यालयले निलम्बन वा खारेज गर्न सक्नेछ ।



सुरेन्द्र पोड्याल
अध्यक्ष

१०. वार्षिक प्रतिवेदनः

प्रत्येक होमस्टेले वार्षिक आय-व्यय विवरण, होमस्टेले पुरा नगरेको सेवा सुविधा, पर्यटकहरुको लागत तथा विवरण सहितको प्रतिवेदन आ.व. समाप्त भएको मितिले १ (एक) महिनाभित्र कार्यालयमा पेश गर्नुपर्नेछ ।

११. नवीकरणः

(१) प्रत्येक होमस्टे २(दुई) वर्षमा नविकरण गर्नुपर्नेछ। नविकरणको लागि देहाय बमोजिमको कागजात संलग्न गरी प्रत्येक २(दुई) वर्षमा होमस्टे नवीकरणको लागि निवेदन दस्तुर बुझाई कार्यालयमा निवदेन दिनु पर्नेछ ।

(क) विगत पाँच वर्षको आय व्यय, होमस्टेले प्रदान गरेको सेवा सुविधा र पर्यटकहरुको लगत तथा विवरण ।

(ख) सामुदायिक होमस्टेको हकमा होमस्टे व्यवस्थापन समितिको प्रतिवेदन ।

(२) उपदफा (१) बमोजिम नवीकरणको लागि निवेदन पर्न आएमा कार्यालयले सम्वद्ध होमस्टेको निरिक्षण गरी मापदण्ड पूरा भएकाको हकमा होमस्टेको नवीकरण गर्नेछ र पूरा नभएका होमस्टेको नविकरण हुनेछैन । म्याद सकिएको महिनाभित्र होमस्टे नविकरण नभएमा विलम्व शुल्क लाग्नेछ र ६(छ) महिनाभित्र नविकरण नभएमा होमस्टे खारेज हुनेछ ।

१२. प्रचार प्रसार तथा वजारीकरणः

होमस्टेको होर्डिङ्ग वोर्ड, साइनबोर्ड, ब्रोसियर, पोष्टर, सिडी जस्ता प्रचार प्रसारका सामग्रीहरुको उत्पादन, वेभसाइट,



सुरेन्द्र पौडयाल
अध्यक्ष

पत्रपत्रिका, रेडियो, टेलिभिजन, उत्सव, मेला, महोत्सव, गैरआवासीय नेपालीसँगको सहकार्य, टुर अपरेटर तथा पत्रकारहरुलाई परिचयात्मक भ्रमण, भ्रमण प्याकेजको निर्माण तथा बिक्री प्रवर्द्धन जस्ता काम कारवाई र कृयाकलाप गाउँपालिकाले पर्यटन बोर्ड, निजी क्षेत्रका होटल र रेष्टुरेन्ट एसोशिएसन, होमस्टे एसोशिएसन, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीसँग सहकार्य गरी होमस्टेको प्रचार प्रसार तथावजारीकरण गर्नेछ ।

१३. होमस्टे एसोशिएसनः

होमस्टे सम्बन्धी नीति निर्माण, व्यवस्थापन, प्रवर्द्धन तथा होमस्टे संचालन मापदण्डमा एकरुपता तथा अनुगमन कार्यमा गाउँपालिकालाई सहयोग पुऱ्याउन होमस्टे संचालकहरुको होमस्टे एसोशिएसनले कार्य गर्नेछ ।

१४. विविधः

(१) प्रशिद्ध धार्मिक तिर्थस्थलमा दर्शनकोलागि आउने दर्शनार्थी तथा तिर्थालुहरुको बसोबास र खानपीनको वन्दोवस्त मिलाउन होमस्टे संचालनको लागि स्थानीय समूदाय समेतको सहभागीतामा अनुरोध भएमा यस कार्यविधिको अन्य व्यवस्थाहरुको अधिनमा रही सञ्चालन अनुमती दिन सकिनेछ ।

(२) होमस्टेमा ट्राभल एजेन्सी मार्फत आउने पर्यटकको वीमा गराउने जिम्मेवारी सम्वन्धित ट्राभल एजेन्सीको हुनेछ। व्यक्तिगत रुपमा आउने पर्यटकको हकमा विमा गर्ने जिम्मेवारी सम्वन्धित पर्यटकको नै हुनेछ ।

(३) होमस्टे संचालन गर्ने संचालकले प्रचलित नेपाल कानून वमोजिम नेपाल राष्ट्र बैंक पूर्व स्वीकृति लिएर मात्र विदेशी मुद्राको कारोवार गर्नु पर्नेछ ।



सुरेन्द्र पौडयाल
अध्यक्ष

(४) होमस्टे संचालन सम्बन्धी आधारभूत तालिम नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रशिक्षण प्रतिष्ठान लगायत अन्य स्वीकृत प्राप्त तालिम केन्द्रहरुबाट प्राप्त गर्न सकिनेछ ।

सुरेन्द्र पौड्याल
अध्यक्ष

अनुसूची १

(दफा ४ संग सम्बन्धित)

होमस्टे संचालनका आधारभूत मापदण्ड :

१. होमस्टेका लागि घर, कोठा र शैयाः

(क) प्रत्येक सामुदायिक होमस्टेका लागि भिन्न भिन्न स्वामित्व भएका कम्तीमा ५ वटा घर (होमस्टेयूनिट) हुनु पर्नेछ । एकआपसमा सहज पहुंचका लागि बाटोको प्रवन्ध भएको, घरहरु मौलिक संस्कृती झल्कने र हावा हुरी, जंगली जनावर आदीबाट सुरक्षित हुनु पर्ने, खुत्ता, हिलो तथा धुलोरहित सफासुग्घर हुनुपर्नेछ ।

(ख) होमस्टमा पाहुनाका लागि कम्तीमा एउटा अलग्गै कोठा हुनुपर्नेछ ।

(ग) होमस्टे संचालन गर्ने एक घरमा बढीमा ४ कोठा पर्यटकका लागि छुट्याउन सकिनेछ।

(घ) एउटा कोठमा बढीमा २ वटामात्र ओछ्यान रहनुपर्ने छ। ओछ्यान कम्तीमा ६.५ फिट लम्वाई र ३ फिट चौडाईको हुनुपर्नेछ ।

(ङ) भुईमा कार्पेट वा राडी वा सफा गुन्द्री ओछ्याएको हुनुपर्नेछ ।

(च) ढोकामा खुट्टा पुछने बोरा वा डोरम्याट भएको हुनुपर्नेछ।

(छ) नरम खालको सेतो तन्ना भएको र सेतै खोल भएका ओढ्नेको व्यवस्था हुनुपर्नेछ ।

(ज) भित्तामा वा ढोकाको पछाडीपट्टि लुगा झुण्ड्याउने व्यवस्था भएको हुनुपर्नेछ ।

(झ) कोठामा बिजुली बत्ती वा लाल्टिन वा मैन वा टुकी पानस बाल्ने व्यवस्था हुनुपर्नेछ ।

(ञ) सुत्ने कोठामा धुवाँ आउन नहुने ।

(ट) सुत्ने कोठामा राम्रा राम्रा दृश्य र स्थानीय संस्कृति झल्कने तस्विरहरु भएमा राम्रो हुने।

(ठ) फोहोर फाल्ने एउटा टोकरी (डस्टबीन) को व्यवस्था हुनुपर्नेछ ।

(ड) सम्भव भएसम्म प्रत्येक पाहुनाका लागि १ जोर चप्पल (स्लीपर) को व्यवस्था हुनुपर्नेछ ।

(ढ) सम्भव भएसम्म भित्तामा एउटा अर्धकद (आधा शरिर) देखिने ठूलो ऐना झुण्डाएको हुनुपर्नेछ ।

(ण) सम्भव भएसम्म सुत्ने कोठामा चिया टेबल राख्नु राम्रो हुने ।

(त) सम्भव भएसम्म सुत्ने कोठामा २ वटा कुर्सी राख्नु राम्रो हुने ।

२. शौचालय र स्नानघर:

(क) सुविधायुक्त र सफा शौचालय हुनु पर्ने ।

(ख) होमस्टे संचालन गर्ने घर वा समुदायमा नुहाउने प्रबन्ध (छुटै बाथरुम वा कम्तीमा छेकिएर नुहाउन सकिने सुविधायुक्त ठाउँ) ।

(ग) स्नानघरमा पानीको बाल्टी, मग, साबुन, रुमाल आदि आधारभूत वस्तुहरु हुनु पर्ने ।

३. भान्छा कोठा र खाना खाने व्यवस्था:

(क) पाहुना राख्ने घर/कोठा नजिक गाई भैंसी अथवा भेडाबाखा, सुगुर, कुखुरा आदि बाध्न वा पाल्न नहुने ।



सुरेन्द्र पोड्याल
अध्यक्ष

(ख) धेरै धुवाँ नहुने भान्सा उन्नत वा सुधारिएको चुलो भएको ।

(ग) पानीको सुविधा मिलाउनुपर्ने र खानेपानी फिल्टर गरेर वा उमालेर मात्र दिने ।

(घ) स्थानीय खानाका परिकारहरुलाई स्वास्थ्य कर ढंगले पकाउने र खुवाउने प्रवन्ध हुनुपर्ने ।

(ङ) नेपालीहरुलाई राम्रोसंग पलेटी कसेर बसेर खान मिल्ने ठाउँ हुनुपर्ने।

(च) विदेशीलाई सानो डाइनिङ्ग टेवलको पनि प्रवन्ध भए राम्रो हुने ।

(छ) खानपीन विवरण तथा मूल्य निर्धारण गरिएको हुनुपर्ने (मेनु भएको) ।

४. स्वास्थ्य, सरसफाई तथा सुरक्षा

(क) मुसा, लामखुट्टे, उडुस, उपियाँ आदिबाट सुरक्षित हुनु पर्ने, दुर्गन्ध वा गाई भैसीको गोठबाट टाढा हुनु पर्ने, सामुदायिक रुपमा प्राथमिक उपचारको व्यवस्था हुनु पर्ने, खुला नाली र ढल हुनै नहुने ।

(ख) वातावरण मैत्री पर्यटन कृयाकलाप, पर्यटकीय सम्पदाहरुको संरक्षण, सार्वजनिक शौचालयको व्यवस्था, वृक्षारोपण।

सुरेन्द्र पोखरेल
अध्यक्ष

CamScanner

## अनुसूची २

स्थलगत अनुगमन गर्दा होमस्टे संचालन गर्नको लागि न्यूनतम मापदण्ड पुरा गरेको देखिएमा देहाय बमोजिमको दस्तुर लिई होमस्टे संचालन प्रमाणपत्र दिइनेछ ।

निजी होमस्टेको हकमा रु. १५००।

सामुदायिक होमस्टेको हकमा रु. २०००।

नोट: उल्लिखित दर गैडहवा गाउँपालिकाको आर्थिक ऐनसँग बाझिएमा आर्थिक ऐन बमोजिम हुनेछ।

## अनुसूची ३

### होमस्टे दर्ताको लागि निवेदनको ढाँचा

मिति:

विषय: होमस्टे व्यवसाय दर्ता सम्बन्धमा ।

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गैडहवा गाउँपालिका, रुपन्देही ।

प्रस्तुत विषयमा गैडहवा गाउँपालिका वडा नं.................. अन्तर्गत ..........................स्थानमा निजी/ सामुदायिक होमस्टे संचालन गर्नको लागि....................................... होमस्टेको नाममा दर्ता प्रमाणपत्र उपलब्ध गराइदिनुहुन अनुरोध छ ।

निम्नानुसारका आवश्यक कागजात संलग्न छन् ।

संलग्न कागजातहरु.

१..............................

२................................

निवेदक

.......................................

सम्पर्क नं ........................

सुरेन्द्र पौडयाल
अध्यक्ष

अनुसूची ४

होमस्टे संचालनको प्रमाणपत्र गैडहवा गाउँ कार्यपालिकाको व्यवसाय दर्ता प्रमाणपत्रको ढाँचामा प्रदान गरिनेछ ।

**खारेजी र बचाउ:**

यसमा कार्यविधिमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछन् ।

यस कार्यविधिको संशोधन तथा खारेजी गैडहवा गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

सुरेन्द्र पौडेयाल
अध्यक्ष

CamScanner